# "स्थानीय तहमा भ्रस्टाचारको अवस्था र प्रवृति"

अधिवक्ता टेकनाथ सापकोटा[1]



विभिन्न अध्ययन तथा प्रतिवेदनहरूले नेपालका स्थानीय तहहरूमा भ्रष्टाचार जटिल र बहुआयामिक रहेको देखाएका छन् । विगत तीन वर्षका Commission for the Investigation of Abuse of Authority- CIAA, Office of the Auditor General-OAG तथा Transparency International- Corruption Perception Index-TI-CPI विश्लेषणहरूले ठेक्का/खरिद, कर्मचारी व्यवस्थापन, इजाजत/सिफारिस, र सेवा सुविधाको दुरुपयोगलाई भ्रस्टाचारका प्रमुख जोखिम क्षेत्रका रूपमा पहिचान गरेका छन् । संरचनागत कमजोरी, लेखा अनियमितता, खर्च अनुशासन अभाव, कमजोर PFM प्रणाली र CPI स्कोरमा देखिएको उतार चढावले स्थानीय तहमा पारदर्शिता तथा उत्तरदायित्व अझै अपर्याप्त रहेको स्पष्ट गर्दछ । यी प्रतिवेदनहरूले स्थानीय तहमा सुशासन सुधारका लागि नीतिगत हस्तक्षेप, सुदृढ निगरानी र संस्थागत क्षमता विकास अनिवार्य रहेको देखाउँछन् ।

**अख्तियार दुरुपयोग अनुसन्धान आयोग (CIAA)** का प्रतिवेदनहरूले स्थानीय तहमा भ्रष्टाचारका प्रमुख प्रवृत्तिहरू स्पष्ट रूपमा देखाएका छन् । ठेक्का/खरिद, कर्मचारी व्यवस्थापन, इजाजत/सिफारिस र सार्वजनिक सेवा सुविधा दुरुपयोगजस्ता क्षेत्रहरू कमजोर नियमन, पर्याप्त निगरानी अभाव र पारदर्शिताको कमीका कारण भ्रष्टाचारको सन्दर्भमा बढी जोखिमयुक्त देखिन्छन् । विगत तीन वर्षमा आयोगमा कुल ९८,६६८ उजुरी दर्ता भएका मध्ये सबै भन्दा बढी बागमती प्रदेशमा (२८.८९%) र मधेश प्रदेशमा (२४.३५%) उजुरी परेको छ, त्यसैगरि सबैभन्दा कम गण्डकी प्[प्रदेशमा (७.१९%) दर्ता भएको तथ्यांकले देखाउँछ । कोशीमा तीन वर्षमा ९,५८१ उजुरी (९.७१%) परेको छ । प्रदेशगत प्रवृत्तिमा कोशी, गण्डकी, कर्णाली र सुदूरपश्चिममा उजुरी घट्दो अवस्थामा देखिँदा मधेश र बागमतीमा बढ्दो क्रम देखिएको छ ।

तीन वर्षमा दर्ता भएका कुल उजुरीमध्ये ५२.८९% (५२,१८१) स्थानीय तहसँग सम्बन्धित रहेका छन्, जसमा मधेश प्रदेशमा सबैभन्दा बढी (७१.०६%) रहेकोछ भने कोशीमा दर्ता भएका उजुरीमध्ये प्रत्येक वर्ष करिब ५७.७% स्थानीय तहसँग सम्बन्धित रहेको देखिन्छ । यस्ता तथ्यांकले भ्रष्टाचारको सन्दर्भमा स्थानीय तहलाई नै सबैभन्दा संवेदनशील तहका रूपमा चिनाउँछन्, जहाँ कमजोर आन्तरिक नियन्त्रण, राजनीतिक हस्तक्षेप, अपारदर्शी प्रक्रिया र लेखापरीक्षण प्रणालीको कमीले समस्या गम्भीर बनाएको छ । कोशीमा उजुरी प्रतिशत तीन वर्षमा ११% बाट ८.९% मा झरेको भए तापनि यो सुधार हो कि उजुरी दर्ता पहुचमा कमि भन्ने छुट्याउन थप विश्लेषण आवश्यक देखिन्छ ।

**महालेखा परीक्षक कार्यालय (OAG)** का विश्लेषणले स्थानीय तहमा वित्तीय अनुशासन र लेखापरीक्षण प्रणालीमा पुनरावृत्त समस्या कायम रहेको देखाउँछ । लेखापरीक्षणबाट लेखा अनियमितता, अनधिकृत खर्च, अभिलेखीकरण त्रुटि, खर्च नीतिअनुसार

[1] लेखक सापकोटा कानूनमा एल एल एम र समाजशास्त्रमा एम ए गरी विगत २५ बर्ष देखि कानून, सुशासन, सामुदायिक विकासका क्षत्रमा कार्यरत हुनुहुन्छ ।

नहुनु, ढिलो/अपूर्ण प्रतिवेदन, तथा बारम्बार दोहोरिने कमजोरीहरू प्रमुख चुनौतिका रूपमा देखा परेका छन् । PFM प्रणालीमा बजेट कार्यान्वयन, लेखाजोखा, र आन्तरिक नियन्त्रण कमजोर भएपछि स्रोतको दुरुपयोग तथा पारदर्शितामा कमी आउने देखिन्छ । यी समस्या वार्षिक रूपमा दोहोरिनुले स्थानीय तहमा संरचनागत सुधार र वित्तीय अनुशासन मजबुत बनाउन तत्काल कदम आवश्यक रहेको संकेत गर्छ ।

**ट्रान्सपरेन्सी इन्टरनेशनल (TI)** का CPI प्रतिवेदनहरूले विगत तीन वर्षमा नेपालमा भ्रष्टाचार सम्बन्धी समग्र धारणा, सार्वजनिक क्षेत्रको विश्वसनीयता, कानूनको शासन, राजनीतिक वित्त व्यवस्थापन र न्यायिक स्वतन्त्रता जस्ता सूचकहरूमा उतार चढाव देखाएको छ । CPI स्कोरमा आएको परिवर्तनले राष्ट्रिय तहका कमजोरीका साथै स्थानीय तहमा पारदर्शिता, जवाबदेहिता तथा प्रशासनिक दक्षताको अभावले पनि ठूलो प्रभाव पारिरहेको देखाउँछ। दक्षिण एशियाको तुलनामा नेपालको स्थिति कमजोर देखिनु, स्थानीय शासनमा सुधारका गहिरा सम्भावना तथा आवश्यकताको सूचक हो ।

समग्रमा, CIAA, OAG र TI–CPI प्रतिवेदनहरूले देखाएका तथ्यांकले स्थानीय तह भ्रष्टाचार जोखिमको केन्द्र बनेको पुष्टि गर्छ । उजुरीका मात्रा, लेखापरीक्षणका त्रुटिहरू, निष्क्रिय निगरानी संयन्त्र, कमजोर नियमन, दोहोरिने वित्तीय अनियमितता तथा CPI सूचकको गिरावटले स्थानीय तहमा सुशासन सुधारका कार्यक्रम प्रदेश विशेष उपयुक्तताका साथ तयार गर्नुपर्ने स्पष्ट सन्देश दिन्छ । सुशासन, पारदर्शिता र वित्तीय नियन्त्रण सुदृढ नगरी भ्रष्टाचार नियन्त्रणको लक्ष्य प्राप्त गर्न कठिन रहने प्रतिवेदनहरूका तथ्यहरूले स्पष्ट देखाउँछन् ।

**जोखिमका प्रमुख क्षेत्रहरू**

भ्रष्टाचारका जोखिम स्थानीय तहमा संरचनागत रूपमा धेरै क्षेत्रमा फैलिएका छन् । सबैभन्दा बढी जोखिम सार्वजनिक खरिद प्रक्रिया, योजना छनोट र बजेट विनियोजनसँग सम्बन्धित देखिन्छ । योजना निर्माणका क्रममा तथ्याङ्क, आधारभूत आवश्यकता र लागत अनुमानमा असर पार्ने निर्णयहरू प्रायः राजनीतिक हस्तक्षेपका आधारमा हुने भएकाले योजना नै गलत दिशामा जाने जोखिम रहन्छ ।

स्रोत परिचालनका क्षेत्रमा कर उठाउने प्रक्रिया, राजश्व दाखिला, सिफारिस सम्बन्धी सेवा, नापी-नक्सा, भवन निर्माण स्वीकृति तथा व्यवसाय दर्ताजस्ता क्षेत्रमा अनियमित शुल्कको जोखिम उच्च देखिन्छ । आर्थिक प्रशासनमा दोहोरो भुक्तानी, काम पुरा नभएको वा डिजाइन अनुरूप अपुरो कामका आधारमा नै भुक्तानी, मनपरी बिल/विनियोजन, कमजोर लेखापरीक्षण, आर्थिक विवरण नखुलाउने जस्ता जोखिमहरू पनि निरन्तर अभिवृद्धि भइरहेको देखिन्छ ।

मानव संसाधन व्यवस्थापनमा राजनैतिक नियुक्ति, अनुशासनहीनता, दण्डहीनता र कार्यसम्पादन मूल्यांकनको अभावले कार्यक्षमता कमजोर बनाउँछ, जसले भ्रष्टाचारलाई संस्थागत रूपमा जरा गाड्ने जोखिम सृजना गर्दछ । नागरिक सहभागिता तथा सामाजिक उत्तरदायित्वका संयन्त्रहरू जस्तै सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ, सूचना अधिकार प्रभावकारी रूपमा कार्यान्वयन नहुँदा जोखिम झनै बढ्दो मात्रामा रहेको पाइन्छ ।

**स्थानीय शासनमा पार्ने प्रभाव**

स्थानीय तहमा फैलिएको भ्रष्टाचारले सार्वजनिक सेवाको गुणस्तरमा सीधा असर पार्छ। नागरिकले अपेक्षित समयमै सेवा नपाउने, विकासका पूर्वाधार बिग्रने, लागत बढ्ने तर परिणाम न्यून हुने अवस्था सामान्य जस्तै बन्छ। जनप्रतिनिधि र कर्मचारीप्रतिको विश्वसनीयता घट्दै जाँदा लोकतान्त्रिक संस्थाहरू कमजोर बन्दै जैन हुन्छ । विकासका प्राथमिकताहरू वास्तविक आवश्यकताभन्दा राजनीतिक वा व्यक्तिगत स्वार्थमा आधारित हुने भएकाले दीर्घकालीन विकास लक्ष्यहरू पछाडि पर्छन्।

सबभन्दा ठूलो प्रभाव कमजोर नागरिक सरकार सम्बन्धमा देखिन्छ, जसले शासन प्रणालीप्रति नकारात्मक धारणा पैदा गर्छ। जसबाट विशेषत: गरिब तथा सीमान्तकृत समूहहरू बढी प्रभावित हुन्छन् किनकि उनीहरूको उपलब्ध स्रोत, अवसर र सेवामा पहुँच स्वतः घट्छ । विश्वासको संकट फैलिएपछि नागरिक सहभागिता कमजोर हुन्छ, जसले फेरि भ्रष्टाचार नियन्त्रणका संयन्त्रहरूलाई निष्प्रभावी बनाइदिन्छ, यसरी प्रभाव एक चक्रमा दोहोरिँदै बलियो बन्दै जान्छ।

## सुधारका आधारहरू र देखिएको चुनौती

सुधारका लागि चुनौतीहरू भए तापनि केही स्थानीय तहहरूले पारदर्शिता र उत्तरदायित्व बढाउने अभ्यासहरू सुरु गरेका छन्। खुला बजेट कार्यक्रम, डिजिटल सेवा प्रवाह, अनलाइन भुक्तानी, ई–गभर्नेन्स प्रणाली, सूचना प्रकाशित गर्ने प्रथामा सुधार तथा नागरिकका गुनासा समाधान संयन्त्र सक्रिय बनाउने प्रयासहरूलाई सकारात्मक पक्षका रूपमा लिन सकिन्छ । यी अभ्यासहरू विस्तार र संस्थागत बनाउन सके भ्रष्टाचार नियन्त्र गर्न सकिने प्रवल सम्भावना रहन्छ।

सुधारका आधारहरू सफल बनाउन राजनीतिक इच्छाशक्ति निर्णायक कारक तत्वको रूपमा रहेको हुन्छ। निर्वाचित जन-प्रतिनिधि, कर्मचारी, उपभोक्ता समिति, नागरिक समाज, सन्चार क्षेत्र र स्थानीय समुदायबीचको दिगो सहकार्यले जोखिम कम गर्न सकिन्छ। प्रतिनिधि तथा कर्मचारिको क्षमता अभिवृद्धि, कडाइका साथ अनुगमन, आर्थिक प्रणाली सुदृढीकरण र दण्डहीनतामा रोक लगाउन सके स्थानीय तहमा भ्रष्टाचार नियन्त्रण सम्भव छ भन्ने संकेत हाल देखिएका सुधारहरूले संकेत गरेका छन्।

## सन्दर्भ सामग्री

**A. अख्तियार दुरुपयोग अनुसन्धान आयोग, बार्षिक प्रतिवेदन:** २०७७/७८, २०७८/७९ र २०७९/८०

**B. महालेखा परीक्षकको वार्षिक प्रतिवेदन:** २०७७/७८, २०७८/७९ र २०७९/८०

**C. Transparency International – CPI Reports:** CPI 2022, 2023 र 2024

**D. अन्य कानुनी/नीतिगत कागजातहरू**

- नेपालको संविधान २०७२
- स्थानीय सरकार सञ्चालन ऐन २०७४
- सार्वजनिक खरिद ऐन/नियमावली
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन
- भ्रस्टाचार निवारण ऐन